# गजुरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
३ नं. प्रदेश, नेपाल

मिति : २०७६-१२-२८

**हार्दिक अपिल ।**

आदरणीय मित्रहरु, नमस्कार ।

हाल विश्व नै नोवल कोरोना भाइरस (कोभिड-१९) को महामारीका कारण आक्रान्त रहेको व्यहोरा सर्वविदितै छ । यस विश्वव्यापी महामारीले हामी पनि अछुतो छैनौं । २०७६ चैत्र ११ गते देखि हाम्रो देश नेपाल पनि यस संक्रमणको फैलावटलाई नियन्त्रणको लागि लक डाउनको अवस्थामा छ । यस विषम परिस्थितिमा आफू बाँचौं र अरुलाई पनि बचाऔं विनम्रता पूर्वक आग्रह गर्न चाहान्छु ।

लक डाउन कहिले सम्म हुने भन्ने कुरा तपाई हाम्रो काबुमा छैन । यस संक्रामक विषाणुबाट बच्ने मुख्य उपाय नै सुरक्षित रुपमा घरमै बस्नु र सरसफाइका साथै पोषिला खानेकुरामा ध्यान दिनु नै उपयुक्त हुन्छ र पनि लक डाउनको विषम परिस्थितिका कारण दैनिक मजदुरी गरी जीवन निर्वाह गरिरहेका नागरिकका परिवारहरु, असहाय, अपाङ्गता भएका नागरिकहरु, जोखिम युक्त परिवारका एकल महिला र बालबालिकाहरु, जेष्ठ नागरिक तथा दिर्घ रोगी विरामीहरुको जीवन रक्षा गर्नु हाम्रो दायित्व हो ।

तसर्थ उल्लेखित समुदायको जीवन रक्षार्थ गजुरी गाउँपालिकाले खाद्यान्न (दाल, चामल, चिउरा, नून, तेल, भुजा, आलु, प्याज, गेडागुडी आदि चाँडो नकुहिने) संकलनका लागि **खाद्य स्टोर (फूड बैंक)** स्थापना गरेका छौं । यसका माध्यमबाट गाउँपालिका आफैंले तथा मानवीय मन भएका दानवीरहरुबाट प्राप्त हुने खाद्यान्न संकलन गर्ने र यस्तै खाले विशिष्ट परिस्थितिमा खाद्य संकटमा पर्ने समुदायलाई खान पाउने उसको संवैधानिक अधिकारबाट बञ्चित नगराउने उद्देश्यले कार्य गरी रहेका छौं । साथै खाद्यान्न बाहेक गाउँपालिकाको विपद कोष मार्फत नगद जम्मा गरी तथा आर्थिक सहयोग गर्न इच्छा भएका व्यक्ति, आम समुदाय, संघ, संस्था, समूह, प्रतिष्ठान, सहकारी, बैंक तथा वित्तिय संस्था, उद्योगी, व्यापारी, व्यवसायी, सरकारी तथा गैर सरकारी क्षेत्रमा कार्यरत कर्मचारीहरु, देश भित्र तथा बाहिर रहनु हुने आम नेपाली नागरिकहरु, राजनीतिक दल, सामाजिक व्यक्तित्व, लगायत सबैले स्वच्छाले विपदमा परेका सबै खाले नागरिकहरुको जीवन रक्षाका लागि राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय गजुरीमा **चल्ती खाता नं. १०५०३०२०७६७०२ को विविध कोष खाता** संचालनमा ल्याएका छौं ।

उक्त खातामा हामीले गजुरी गाउँपालिकाका गाउँ सभाका सबै ४३ जना सभा सदस्यहरुको एक महिना बराबरको पारिश्रमिक सुविधा जम्मा गर्ने प्रतिवद्धता गरेकाछौं भने गाउँपालिकामा कार्यरत कर्मचारी तथा शिक्षकहरुलाई सहयोग गर्न आग्रह गर्ने निर्णय गरि सकेका छौं । खाद्यान्न तथा नगद बैंकको माध्यमबाट हाललाई मात्र नभै भविष्यमा हुन सक्ने कुनै पनि जोखिम युक्त परिस्थितिहरुमा संकट युक्त अवस्थामा पर्न सक्ने नागरिकहरुको जीवन रक्षा गर्नु हाम्रो दायित्व हो ।

गजुरी गाउँपालिकाको यस कार्यमा आ-आफ्नो स्थानबाट दिल फुकाएर स्थानीय सरकारसँगै मिली अप्ठेरोमा परेका नागरिकको सेवा गरि आफूलाई गौरवान्वीत गराउन चाहनु हुन्छ भने आउनुहोस हातेमालो गरी अघि बढौं । यहाँहरुलाई हार्दिकता पूर्वक आग्रह गर्न चाहान्छु । यस कार्यमा सहयोग गर्न सबैलाई उत्साह र उमंगले दिल फुरुङ्ग बनोस् मेरो व्यक्तिगत तथा गजुरी गाउँपालिकाको तर्फबाट यहाँहरु सबैमा नव वर्ष २०७७ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

राजेन्द्र विक्रम बस्नेत
अध्यक्ष